जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २६४ पृष्ठः ४ | २०८२ माघ २९ बिहीबार (Thursday 12 Feb. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सगरमाथा चौधरी आँखा अस्पतालः ४३ वर्षमा करिब दुई करोड आँखा बिरामीको उपचार



**मिथिलेश यादव**

लहान, २८ माघ। लहान आँखा तथा कान उपचार प्रणालीअन्तर्गत करिब दुई करोडले उपचार सेवा लिएका छन्। लहानस्थित सगरमाथा चौधरी आँखा अस्पतालले आफ्नो ४३ औं वार्षिकोत्सवको अवसरमा बुधबार सार्वजनिक गरेको तथ्यांकअनुसार ४३ वर्षको अन्तरालमा प्रणालीअन्तर्गत देशविदेशका गरी १ करोड ६६ लाख ९१ हजार ३ सय ८७ जनाले आँखा तथा कान उपचार गराइसकेका छन्। सगरमाथा चौधरी आँखा अस्पतालमा मात्रै ९२ लाख १४ हजार २ सय २२ जना आँखा तथा कान बिरामीको उपचार भइसकेको छ। यस अवधिमा समग्रमा २४ लाख ६७ हजार १ सय ३१ आँखा बिरामीको र ३२ हजार ७ सय ६२ जना कान बिरामीको शल्यक्रिया भएको छ। सगरमाथा चौधरी आँखा अस्पतालले मात्रै १५ लाख १३ हजार १ सय १३ जना आँखा तथा कान बिरामीको शल्यक्रिया गरेको छ।

अस्पतालका प्रमुख प्रशासक अभिषेक रोशनका अनुसार सन् २०२५ मा मात्र यस अस्पतालले ७ लाख ४२ हजार ८ सय ४२ जना आँखा बिरामीको उपचार गरेको छ। जसमा ६२ हजार २ सय ६६ जना आँखा बिरामीको शल्यक्रिया गरेको रोशनले बताए। प्रभावकारी उपचार सेवा दिएवापत यस अस्पताल हालै विश्वस्तरीय सम्मानबाट सम्मानित भएको रोशनले बताए। हङकङमा आयोजित एसिया प्यासिफिक एकेडेमी अप्थल्मोलोजी अवार्ड २०२६ बाट यस अस्पताललाई सम्मान गरिएको उनले बताए। लहान आँखा तथा कान उपचार प्रणालीका प्रमुख प्रशासक सुधीर ठाकुरका अनुसार प्रणालीअन्तर्गत मधेस प्रदेशमा सगरमाथा चौधरी आँखा अस्पताल र कोशी प्रदेशमा विराटनगर आँखा अस्पताल (सेन्टर अफ एक्सिलेन्स) छन्। वागमती प्रदेश, कोशी प्रदेश र मधेस प्रदेशमा ४० वटा आँखा उपचार केन्द्र सञ्चालनमा रहेको उनले बताए।

अस्पतालले तीन वर्षदेखि सुविधासम्पन्न आधुनिक भवनबाट उपचार सेवा पनि दिन थालेको छ। त्यहाँ जनरल फिजिसियन सेवादेखि आँखाका सम्पूर्ण जाँच तथा उपचार र आवासको व्यवस्था उपलब्ध छ। प्रमुख प्रशासक रोशनका अनुसार भवनमा २८ वटा 'डिलक्स रुम' छन्। 'यहाँ उपचारका लागि चाहिने

-बाँकी तीन पेजमा

## धनुषामा तेस्रो लिङ्गीको शव फेला

**विजयकुमार साह**

ढल्केबर, २८ माघ। धनुषामा पहिचान खुल्न नसकेको एक जना तेस्रो लिङ्गीको शव फेला परेको छ। बुधबार जनकपुर-यदुकाहा सडकखण्ड अन्तर्गत बेलौनी र पौडेश्वरको बिचमा तेस्रो लिङ्गी मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाले जानकारी दिएको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता गणेश बमले पहिचान खुल्न नसकेको एक जना तेस्रो लिङ्गीको शव फेला परेको बताउनुभयो। शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको उहाँले जनाकारी दिनुभयो।



उहाँका अनुसार प्रारम्भिक निरीक्षण गर्दा मृतकको शरीरमा घाउचोट नदेखिए पनि घाँटीमा निलडाम देखिएको छ। उहाँले घटनास्थलको मुचुल्का उठाएर आवश्यक प्रमाण सङ्कलन कार्य भइरहेको बताउँदै धटनाको प्रकृति र कारणबारे अनुसन्धान सुरु गरिएको बताउनुभयो।

## सिरहा कारागारका कैदीको हातमा कसले पुऱ्यायो पेस्तोल र गोली ?

**नारायण अधिकारी**

काठमाडौं, २८ माघ। जिल्ला कारागार सिरहा १० जना कैदीबन्दीको आँखामा पट्टी बाँधियो। पछाडी लगेर हात बाँधियो। अनि घरेलु हात हतियारले कुटपिट भयो। यतिमात्रै भएन कारागारको कोठाबाट बाहिर निकालेर गेटमा ताल्चा लगाइयो, ताकि उनीहरू भित्र आउन नपाउन्। २५ माघको साँझ ६ बजेतिर यो सूचना जिल्ला प्रहरी कार्यालयसम्म पुग्यो।





घटना विवरण सुन्दा नै प्रहरी अधिकारीहरू त्रसित हुने अवस्था आयो। अनि सिरहामा रहेको नेपाली सेनाको नन्दा बक्स गण, सशस्त्र प्रहरीको टोलीलाई घटनाबारे जानकारी गराइयो। तीन वटै सुरक्षा निकायको टोली दलबलसहित कारागार पुग्यो। जहाँ पुग्दा १० जना कैदीबन्दी हात बाँधिएको र आँखामा पट्टी लगाइएको अवस्थामा फेला परे। केही कैदीबन्दी नाराबाजी गरिरहेका थिए।

आँखामा पट्टी लगाएर हात बाँधिएका १० जनाको उद्धार गरेर जिल्ला प्रहरी कार्यालय सिरहा लगियो। राज्यविहीन अवस्थाजमा कुनै विद्रोही समूहले दुश्मनलाई कब्जामा लिएर आँखामा पट्टी लगाएजस्तो अवस्थामा सेनाको सहयोगमा १० कैदीबन्दीको उद्धार भयो। प्रारम्भिक सोधपुछकै घरेलु हातहतियारले कुटपिट गर्ने, धाकधम्की दिने गरेको विषय कैदीबन्दीहरूले खुलाए। यसका

-बाँकी दुई पेजमा





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**मतदान गर्ने अधिकारको प्रयोग गरौं।**

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं ।
- मतदानको समयमा विवेकको प्रयोग गरौं ।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं ।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं ।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं ।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## गौरवको नाममा राष्ट्रिय बोझ बन्दै आयोजनाहरू

जनताका वास्तविक आवश्यकता वा राष्ट्रिय हित भन्दा पनि लहड, सनक वा स्वार्थका कारण पनि यस्ता आयोजना छानिएका छन्। यसैले राष्ट्रिय गौरवका भनिएका आयोजनामा स्थानीय जनताको अपनत्व देखिएको छैन। कतिपय आयोजना स्थानीय संस्कृति र जनजीवनमा अतिक्रमण गर्ने भकाले जनअवरोधको सामना गर्नुपरेको देखिन्छ। नेपाल सरकारले आर्थिक वर्ष २०६८/६९ देखि केही ठूला आयोजनालाई आर्थिक, सामाजिक, सांस्कृतिक, तथा रणनीतिक महत्त्वका भनी राष्ट्रिय गौरवका आयोजनाका नाममा प्राथमिकता दिने घोषणा गरेको थियो। राष्ट्रिय महत्त्वभन्दा पनि अरू विभिन्न कारण सुरुमा पहिचान गरिएका १७ वटा आयोजनाको संख्या बढाएर २७ पुर्‍याइएको छ।

यस्ता आयोजना अनुमान गरिएको समयमा सम्पन्न नहुँदा एकातिर लागत बढ्दै गएको छ भने अर्कातिर कतिपय आयोजना क्षेत्रका बासिन्दाले सास्तीसमेत भोग्नुपरेको देखिन्छ। तर, तिनको सुधारका लागि ठोस कदम उठाउने आँट भने कुनै सरकारले पनि गरेको देखिँदैन।


यही आर्थिक वर्षको अर्धवार्षिक समीक्षामा अर्थ मन्त्रालयले पनि यस्ता आयोजनामा प्राथमिकतादेखि औचित्यसम्ममा प्रश्न उठेको स्वीकार गरेको छ। प्रशासनिक र वित्तीय अनुशासन मिचेर औचित्यसमेत पुष्टि नगरी थालिएका कतिपय आयोजना सम्भवतः कहिल्यै सम्पन्न पनि हुनेछैनन्। तैपनि, आयोजना खारेज वा संशोधन गर्ने विषयमा छलफलसमेत हुनसकेको देखिँदैन।

आयोजना छनोटदेखि नै अतिमहत्वाकांक्षी तर आर्थिक, वातावरणीय र प्राविधिक तयारी नगरी थाल्दा राष्ट्रिय गौरवका भनिएका आयोजना घाँटीमा अड्किएको ह ी भएका हुन्। वस्तुगत समीक्षा गरेर विनाआग्रह राष्ट्रिय हितमा निर्णय लिनसक्ने सरकार नहुँदासम्म यो समस्या समाधान हुन पनि सक्दैन। जनताको सुविधा बढाउने योजनाहरूलाई राष्ट्रिय गौरवका आयोजना मानिनुपर्ने हो। यातायातको सबै सुविधा पुगेका ठाउँमा सडक थप चौडा बनाउनेभन्दा मोड नपुगेर दुर्घटना भइरहने सडकको सुधार गर्न प्राथमिकता दिनुपर्थ्यो। कतिपय क्षेत्रीय र स्थानीय केन्द्र जोड्ने सडकहरू अहिले पनि ुयमलोकको राजमार्गु भन्नुपर्ने अवस्थामा छन्।

प्राविधिक, वित्तीय तथा वातावरणीय अध्ययन र तयारीविना आयोजना सुरु गर्न निकै हतार गरिएको कारणले पनि अहिले यी आयोजना तातो पिँडालु भएका हुन्। वर्तमान सरकारले त अब यो वर्ष बालुवामा पानी खन्याउन रोक्नमात्र सक्ला। तर, निर्वाचनपछि बन्ने सरकारले जति नै अप्रिय हुने भए पनि राज्यकै संकट बनेका आयोजनाका सम्बन्धमा पुनर्विचार गर्नुपर्छ।

राजनीतिक महत्वाकांक्षा तुष्टिका लागि वित्तीय, प्राविधिक, वातावरणीय र सांस्कृतिक सामाजिक यथार्थको उपेक्षा गर्ने प्रवृत्ति त्याग्ने वाचा अहिले नै सबै दलहरूले गर्नु उचित हुनेछ। गौरवका नाममा सुरु गरिएका आयोजना अन्ततः कलङ्क नबनुन् भन्नेमा सबैको ध्यान जाओस्। राज्यको स्रोत साधनको यस्तो अपव्यय प्रकारान्तरले भ्रष्टाचार र बढी आवश्यक भएको क्षेत्रको शोषण नै हो।

# देशलाई सुपरस्टार नेता होइन, दूरद्रष्टाको खाँचो छ



ज्योतिकिरण

मानव शरीर र राज्य व्यवस्थाबिच एउटा गहिरो समानता छ। दुवैलाई जीवित र गतिशील राख्न बलियो प्रतिरक्षा प्रणाली आवश्यक पर्छ। चिकित्सा विज्ञानमा जब शरीरको प्रतिरक्षा प्रणालीले बाह्य भाइरस चिन्न छोड्छ वा आफ्नै स्वस्थ कोशिकालाई शत्रु ठानेर नष्ट गर्न थाल्छ, त्यसलाई 'अटो–इम्युन डिजिज' भनिन्छ। आज नेपालको राजनीति ठ्याक्कै यही ऐँजेरुले ग्रस्त छ। अन्तरिम सरकारको प्रधानमन्त्री सुशीला कार्कीले पहिलो पल्ट माघ १९ गते सोमबार संघीय संसद् पुगेर राष्ट्रिय सभालाई सम्बोधन गर्दै देशलाई लागेको यही रोगबारे प्रस्ट पार्ने प्रयत्न पनि गरिन्। तोकिएको मितिमा स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गरी जननिर्वाचित सरकारलाई शक्ति सुम्पन आफ्नो सरकार आतुर रहेको सदनलाई बताइन्।

आफू प्रधानमन्त्री बन्नुको बाध्यात्मक अवस्था र मुलुकको जटिलतालाई आफ्नै शैलीमा बयान गरेकी प्रधानमन्त्री कार्कीले मुलुक अप्ठ्यारो अवस्थाबाट गुज्रिरहेको कुराबारे बहुकोणबाट स्पष्ट सन्देश पनि दिइन। सरकारको भूमिकामा रहेर उनले गर्नुपर्ने र भन्नुपर्ने कुरा त्यही नै हो। तर के निर्वाचनबाट प्राप्त परिणामले देशको रोग निको हुन्छ ? मुख्य प्रश्नको उत्तर अझै अमूर्त छ। यो अमूर्त उत्तरलाई मूर्त रूपमा रूपान्तरित गर्ने दायित्व निर्वाचनका मतदाताहरूकै काँधमा छ। शरीरमा 'एन्टीबडी' को काम बाह्य सङ्क्रमणलाई रोक्नु हो भने जस्तै राजनीतिमा नैतिकता, विधिको शासन र वैचारिक निष्ठा राजनीतिक एन्टीबडी हुन्। जब राजनीतिमा यी तत्त्वहरू क्षयीकरण हुन्छन्, तब समाजमा भ्रष्टाचार र दण्डहीनता जस्ता भाइरसहरूले सहजै प्रवेश पाउँछन्। अहिले नेपालको राजनीतिमा यी एन्टीबडीहरू यति कमजोर भएका छन् कि जसले संविधान र कानुनको रक्षा गर्नुपर्ने हो, उनीहरू नै त्यसको भक्षणमा तल्लीन छन्।

चिकित्साशास्त्रमा सबैभन्दा खतरनाक स्थिति तब हुन्छ जब शरीरको रक्षक नै भक्षक बन्छ। नेपालको राजनीतिक सन्दर्भमा संवैधानिक अङ्गहरू यसमा पर्छन्, जुन अङ्कहरूले राज्यको सन्तुलन मिलाउनुपर्ने हो तर तीनै अङ्ग दलीय स्वार्थको इन्जेक्सनमा लड्डिएका छन्। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबिचको सन्तुलन बिग्रनु भनेको शरीरका महत्त्वपूर्ण अङ्गहरू मिर्गौला, मुटु र फोक्सोले एकअर्कालाई सहयोग गर्न छोड्नु जस्तै हो। जब राजनीतिक दलहरूले जनताको हितलाई छोडेर केवल सत्ताको अङ्कगणितलाई मलजल गर्छन्, तब व्यवस्था नै धराशायी हुन्छ। आज देशको राजनीति ठिक यही अवस्थाबाट गुज्रिरहेको छ। जसरी शरीरमा लामो समयसम्म सङ्क्रमण रहिरह्यो भने त्यसले अङ्गहरूलाई स्थायी रूपमा क्षति पुर्‍याउँछ त्यस्तै नेपालको राजनीतिमा भ्रष्टाचार र अस्थिरता एउटा यस्तै 'क्रोनिक इन्फ्लामेसन' हो। बारम्बार फेरिने सरकार, अप्राकृतिक गठबन्धन र नीतिगत विचलनले देशको अर्थतन्त्र र प्रशासन संयन्त्रलाई 'मल्टी–अर्गन फेलियर' रोगी जस्तै बनाई दिएको छ।

जसरी कमजोर प्रतिरक्षा प्रणाली भएको मानिसलाई सामान्य रुघाखोकीले पनि थला पार्छ, त्यसैगरी कमजोर राजनीतिक चरित्र भएको राष्ट्रलाई सामान्य बाह्य दबाब वा आन्तरिक कलहले पनि अस्थिर बनाइदिन्छ। यो बिग्रिएको राजनीतिक स्वास्थ्यलाई सुधार्न सतही सुधारले पुग्दैन। यसका लागि अपराधीकरण र भ्रष्टाचारको विषाक्त जालोलाई राजनीतिबाट पूर्ण रूपमा विस्थापित गर्ने, युवा पुस्ता र वैचारिक स्पष्टता भएका व्यक्तिहरूलाई नेतृत्वको अग्रपङ्क्तिमा ल्याउने, शरीरको डीएनएले जस्तै संविधानले निर्दिष्ट गरेको बाटोमा हिँड्ने अनुशासन कायम गर्ने जस्ता गम्भीर शल्यक्रिया र इम्युनोथेरापी यही निर्वाचनमार्फत गर्न आवश्यक छ। जसरी शरीरको प्रतिरक्षा प्रणालीले बाह्य भाइरससँग लड्ने शक्ति दिन्छ ठिक त्यसैगरी, राजनीतिको प्रतिरक्षा प्रणालीले समाजलाई अराजकता, फुट र सस्तो लोकप्रियतावादबाट जोगाउँछ। जब यो प्रणाली कमजोर हुन्छ, तब लोकप्रियतावादको भाइरसले राज्यका अङ्गहरूलाई बिस्तारै गलाउन थाल्छ। हाम्रो देशको राजनीति आज ठिक यही लोकप्रियतावादी घातक इन्फेक्सनबाट ग्रसित भएको आभास हुन्छ।

लोकप्रियतावाद सुन्दा जनताको पक्षमा जस्तो लागे पनि यो वास्तवमा लोकतन्त्रको 'अटो–इम्युन डिजिज' हो। यसले जटिल समस्याहरूको अत्यन्तै सतही र सस्तो समाधान देखाएर निरन्तर ब्ल्याकमेल गरिरहन्छ। लोकप्रियवादी नेताहरूले जनताको आर्थिक अभाव र आक्रोशलाई पुँजीकृत गर्छन्। उनीहरू 'हामी' र 'उनीहरू' बिचको खाडल खनेर समाजलाई ध्रुवीकृत गर्छन्। अहिले 'हामी' र 'उनीहरू' को ठाउँमा 'नयाँ' र 'पुरानो' को वर्गभेद चलिरहेको छ। जब कुनै नेताले आफूलाई कानुन र पद्धतिभन्दा माथि राखेर 'म तिम्रो मुक्तिदाता हुँ' भन्न थाल्छ, त्यहाँबाट पद्धतिको विनाश सुरु हुन्छ। आज हरेक मतदाताले पद्धतिको विनाशमा को उद्धत छ ? छुट्ट्याउन सक्नु पर्नेछ।

इतिहास साक्षी छ– संसारले त्यतिबेला मात्रै गति लिएको छ, जब नेतृत्वले लोकप्रिय हुने लोभ त्यागेर लोकहितको बाटो रोज्न सक्यो। विश्व चर्चित नेता विन्स्टन चर्चिलले भनेका छन्, 'लोकतान्त्रिक राजनीतिमा नेतृत्वको परीक्षा उसले गर्ने भाषणमा होइन, उसले निर्माण गर्ने पद्धतिमा हुन्छ।' अमेरिका गृहयुद्धले थिलथिलो भएको बेला अब्राहम लिङ्कनले कहिल्यै सस्तो नारा दिएनन्। उनले 'विभाजित घर टिक्न सक्दैन' भन्दै राष्ट्रिय एकताका लागि कठोर र अलोकप्रिय निर्णयहरू लिए। २७ वर्षको जेल जीवनपछि निस्किँदा नेल्सन मण्डेलाले प्रतिशोधको राजनीति गर्न सक्थे, जुन तत्कालीन समयमा निकै लोकप्रिय पनि हुन्थ्यो। तर, उनले सत्य र मेलमिलापको बाटो रोजेर दक्षिण अफ्रिकाको राजनीतिक प्रतिरक्षा प्रणालीलाई बलियो बनाए।

नेपाली सन्दर्भमा राजा महेन्द्र, बीपी कोइराला, पुष्पलाल त्यस्ता चिन्तक थिए, जसले भीड र जनताबिचको फरक बुझेका थिए। उनीहरूले कहिल्यै सस्तो लोकप्रियताका लागि सिद्धान्त बेचबिखन गरेनन्। यसपटकको निर्वाचनमा जनताले इतिहासको यस्तो आँखीझ्यालमा पनि नजर लगाउन सक्नुपर्छ। नेपालको राजनीति अहिले आइसीयूमा त छैन, तर यसको प्रतिरक्षा प्रणाली पूर्ण रूपमा ध्वस्त हुने संघारमा छ। यदि बेलैमा राजनीतिक कोशिकाहरूमा नैतिकताको पुनर्जीवन गरिएन भने, यो अटो–इम्युन रोगले राष्ट्रको अस्तित्व नै सङ्कटमा पार्न सक्छ। स्वास्थ्य र राजनीति दुवैमा एउटै सत्य लागू हुन्छ– भित्रैबाट बलियो नभएसम्म बाहिरको ओखतीले मात्र जीवन धान्न सकिँदैन।

राजनीतिको बिग्रिएको प्रतिरक्षा प्रणाली सुधार्न एन्टीबायोटिकले मात्र काम गर्दैन, यसका लागि संवैधानिक नैतिकताको पुनर्जागरण आवश्यक छ। हामीलाई यस्तो नेतृत्व चाहिएको छ, जसले आगामी निर्वाचन मात्र होइन, आगामी पुस्ताको भविष्य देख्न सकोस्। लोकप्रियतावादले क्षणिक ताली त दिन्छ, तर इतिहासले उसलाई मात्र सम्झन्छ, जसले कठिन समयमा सही र न्यायपूर्ण बाटो हिँड्ने साहस गर्छ। देशलाई आज सुपरस्टार नेताको होइन, प्रणाली स्थापित गर्ने दूरद्रष्टाको खाँचो छ। यो पटकको निर्वाचनले दिएको नागरिक दायित्व पनि यही नै हो। रातोपाटीबाट

## सिरहा कारागारका...

मुख्य व्यक्ति कारागारका नाइके इन्द्रजित यादव रहेको पीडित कैदीबन्दीहरूले बताए।

भोलिपल्ट २६ माघमा सेनाकै सहयोगमा कारागारमा सर्च अपरेशन चलाइयो। मधेश प्रदेश प्रहरी कार्यालयबाट प्रहरी तालिमप्राप्त कुकुर समेत झिकाएर सर्च अपरेशन गर्‍यो। कारागारको पूर्वतर्फ रहेको जिम हलभित्रको पूरानो ब्ल्याङ्केटमा लुकाएर राखेको अवस्थामा पेस्ताल बरामद भयो। सँगै ७.६२ लेखेको लाइभ २ राउण्ड गोली र अन्य घरेलु हतियार पनि बरामद भएको जिल्ला प्रहरी कार्यालय सिरहाका डीएसपी रमेशबहादुर पाल बताउँछन्।

कारागारभित्रै लागूऔषध, मदिरा, जुवातास जस्ता निषेध वस्तुहरू पाइने, खाने–खेल्ने जस्ता विषयहरू सार्वजनिक हुँदै आएका थिए। तर सिरहा कारागारमा भने पेस्तोल र गोली नै कारागारको कैदीमा हातमा पुगेको देखियो। कारागारको चौघेरामा सीमित हुने कैदीबन्दी कारागारभित्रै पेस्तोल र गोलीगट्ठा राखेर बस्ने गरेको तथ्य यो घटनाले पुष्टि गर्‍यो। अनि यसैको बलमा कारागारमा प्रभुत्व जमाउने, कारागार प्रशासन आफ्नो कब्जामा लिने, नाइके बन्ने र आफ्नो शासन चलाउनेसम्मको अवस्था सिरहा कारागारमा देखिएको छ।

### कसरी छिर्‍यो कारागारमा पेस्तोल ?

कारागारमा पेस्तोल छिरेकोबारे अनुसन्धान भइरहेको बाहेक थप विषय प्रहरी अधिकारीदेखि सीडीओ कार्यालयले बताउँदैन। सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल यो अनुसन्धानकै विषय रहेको बताउँछन्। यता डीएसपी पाल पनि पेस्तोलबारे अनुसन्धान भइरहेको बताउँछन्। 'अहिले स्थिति नियन्त्रणमा आएको छ, पेस्तोलबारे अनुसन्धान जारी छ,' डीएसपी पालले भने।

तर कारागार स्रोतका अनुसार भने यो पेस्तोल सिरहा कारागारमा भने विगत दुई वर्षदेखि थियो। पछिल्लो समय पनि पेस्तोलको सूचना जिल्ला प्रहरी कार्यालयमा एक महिना अघि नै पुगेको थियो। सूचना पाए पनि प्रहरीले अपरेशन गर्न भन सकिरहेको थिएन। इन्द्रजितले कारागारलाई आफ्नो कब्जामा लिएर पेस्तोलको आडमा शासन चलाएपछि एक भारतीय कैदीबन्दीले यसको सूचना एक महिना अघि नै प्रहरीलाई दिएको स्रोत बताउँछ। डाँका मुद्दामा कारागारमा रहेका ती कैदीले सूचना दिए पनि कारागारमा इन्द्रजितको दबदबाका कारण अपरेशन चलाएर पेस्तोल बरामद गर्न नसकेको ती प्रहरी अधिकारी स्वीकार्छन्।

२५ माघमा यो घटना भएपछि २६ गते बल्ल सेना समेतको सहयोगमा अपरेशन गरेर उक्त हतियार बरामद भएको थियो। घटनालाई मसिनो गरी अध्ययन गरेका ती प्रहरी अधिकृतका अनुसार, यो पेस्तोल करिब २ वर्ष पहिले नै कारागार हो। पेस्तोल छिरेका बखतका चौकीदार भने अहिले सरुवा भएर अन्यत्र गइसकेका छन्। चौकीदारलाई कारागार बाहिर गएर राशन किनमेल गर्ने, किप्याडवाला मोबाइल चलाउने समेत छुट हुन्छ। त्यसैको दुरुपयोगमा उक्त पेस्तोल कारागारभित्र छिराइएको हुनसक्ने ती प्रहरीको विश्लेषण छ।

कारागारभित्रै पेस्तोल, गोली छिर्नुले कारागार सुरक्षामा त्यहाँको प्रशासनमाथि गम्भीर प्रश्न उठेको छ। प्रशासन र सुरक्षामा खटिएका व्यक्तिमाथि छानबिन गर्नुपर्नेमा यसबारे सीडीओ कार्यालय भने मौन देखिन्छ।

### इन्द्रजित सुन्धारा कारागारमा

आँखामा पट्टी बाँधेर यातना दिएको पाइएपछि अवैध नाइके इन्द्रजितसहित १३ जनालाई प्रहरीले नियन्त्रणमा लिएको थियो। उनीहरू सबैलाई अहिले त्यहाँबाट अन्यत्र सारिएको छ। इन्द्रजितलाई सुन्धारास्थित केन्द्रीय कारागार जगन्नाथदेवलमा ल्याइएको छ। डीएसपी पालका अनुसार, इन्द्रजितसहित ३ जनालाई जगन्नाथदेवल कारागारमा राखिएको छ। ७ जनालाई नुवाकोट कारागारमा लगिएको छ भने ३ जनालाई भने रौतहट कारागार लगिएको छ।

त्यस्तै आँखामा पट्टी लगाएर यातना दिइएका १० जना कैदीलाई पनि अन्य कारागारमा सारिएको छ। उनीहरूलाई झापा, मोरङ र सुनसरी कारागारमा सरुवा गरिएको हो।

### इन्द्रजितको आतंक

अहिले मात्रै होइन यसअघि पनि इन्द्रजितको समूहले कारागारमा आतंक सिर्जना गर्दै आएको थियो। गत ४ साउनमा मात्रै १३ जनामाथि कारागारभित्रै कुटपिट भएको थियो। २४ कात्तिक २०८१ मा कारागारभित्र महँगोमा सामान किनबेच गर्ने गरेको विषयमा तनाव सिर्जना भएको थियो। त्यतिबेला छानबिन समिति समेत गठन गरेर अध्ययन गरिएको थियो।

यसअघि १२ चैत २०७९ मा पनि सिरहा कारागारमा झडप भएको थियो। त्यतिबेला चौकीदार यादव गिरी थिए। उनीमाथि कैदीबन्दीहरू आक्रमणको प्रयास गरेपछि त्यहाँबाट सिन्धुली कारागार सारिएको थियो। २०७८ माघमा पनि कारागारमा झडप हुँदा चार कैदी घाइते भएका थिए। पछिल्लो ६ वर्षयता कारागारभित्र भएका हरेक तनावका घटनामा इन्द्रजित जोडिँदै आएको प्रहरी अधिकारीहरू बताउँछन्।

## सगरमाथा चौधरी...

उपकरणदेखि अन्य सुविधा पनि विश्वस्तरको छ,' उनले भने। रोशनका अनुसार देशका सबै जिल्लाबाट र भारत, बंगलादेश, भुटानलगायत देशबाट पनि आँखाका बिरामी आउने गरेका छन्। 'भारतमा विश्वकै पहिलो र दोस्रो ठुलो आँखा अस्पताल छन्। तर भारतीय बिरामीका लागि समेत भरोसा बनेको छ सगरमाथा चौधरी आँखा अस्पताल,' रोशनले भने। उनका अनुसार भारतलगायत स्थानबाट पत्र लेखेर 'संसार देख्ने आश मारिसकेका हामीलाई संसार देखाउने अस्पताल र आदरणीय चिकित्सकलाई धन्यवाद' भनी आभार व्यक्त गरेका पत्रहरू आइरहन्छन्। यी धन्यवादसहित पठाइएका पत्र स्मरणीय रहेको अस्पतालका अध्यक्ष रवीन्द्रलाल चौधरीले बताए।

भारतमै थुप्रै अस्पतालले आँखा उपचार सेवा गर्दै आए पनि भारतीय बिरामीमाझ सगरमाथा चौधरी आँखा अस्पतालको उपचारप्रतिको विश्वास रहेको त्यहाँबाट आउने बिरामीको भिडले नै पुष्टि गर्छ। 'सगरमाथा चौधरी आँखा अस्पतालले सगरमाथाजस्तै नेपालको नाम विश्वभर फैलाइरहेको छ,' नेपाल नेत्र ज्योति संघ सिरहाका अध्यक्ष सन्तोष चौधरीले भने। प्रायः हुनेखाने नेपाली स्वास्थ्यमा समस्या भयो कि उपचारका लागि भारत दौडन्छन्। 'तर छिमेकी मुलुक भारतका नागरिक नेपालकै अस्पतालमाथि विश्वास गर्नुले यसको गुणस्तरीय पक्षलाई पुष्टि गर्छ,' उनले भने। शल्यक्रियाका आधारमा विश्वमै अब्बल यो आँखा अस्पताल मधेस प्रदेशका लागि 'चिकित्सा पर्यटन'को बलियो स्रोत भएको लहान नगरपालिकाका प्रमुख महेश प्रसाद चौधरीले बताए।

अहिलेसम्म कुनै विवादमा नपरेको उक्त अस्पतालमा दैनिक आउने बिरामीमा नेपाली र विदेशीको संख्या बराबरी छ। विदेशी बिरामीमध्ये करिब ९० प्रतिशत भारतीय हुन्छन्। यस प्रकारको चिकित्सा पर्यटन ( मेडिकल टुरिजम) ले नगरको मात्र नभई मधेस प्रदेशको व्यापार मात्र होइन, गौरव पनि बढाएको चौधरीले बताए। यो अस्पताल सगरमाथाजस्तै नेपालको नाम विश्वभरमा चम्काएको उनले बताए। सन् १९८३ मा स्थापित यो अस्पताल बिरामीले तिर्ने न्यूनतम शुल्क र दातृ संस्थाको सहयोगबाट चलिरहेको छ। अस्पतालमा मुलुककै १५ उत्कृष्ट आँखा विज्ञसहित ३२० चिकित्साकर्मी एवं प्रशासनिक कर्मचारी छन्। यस अस्पतालमा वार्षिक जँचाउन आउने बिरामीको संख्या सात लाख ४२ हजार ८४२ र शल्यक्रिया गराउनेको संख्या ६२ हजार २६६ छ। कोर्निया ( आँखाको पुतली) आँखाको पर्दा (रेटिना) ग्लुकोमा, अक्लोप्लास्टिक, डेढोपनको शल्यत्रिया, कन्ट्याक्ट लेन्सलगायत आँखा उपचार सम्बन्धि सम्पूर्ण सुविधा यस अस्पतालमा उपलब्ध रहेको प्रमुख प्रशासक रोशनले बताए।

अस्पताल प्रशासनका अनुसार अस्पतालका संस्थापक निर्देशक डा.एलब्रेच्ट हेनिङको आविष्कार फेको प्रविधि विश्वभरका नेत्र विज्ञहरूले प्रयोग गर्दै आएका छन्। यो प्रविधि मोतिबिन्दुको शल्यक्रिया गर्ने प्रभावकारी प्रविधि हो। यस अस्पतालमा एआई रिसर्च (आँखामा समस्याको प्राविधिक पहिचानको प्रविधि) भइरहेको छ। डिप्लोमा इन ओप्थाल्मिक साइन्सको अध्यन समेत यस अस्पतामा भइरहेको छ। सँगै, पोखरा विश्वविद्यालयको सम्बन्धमा बिएससि अप्टोमेट्रिक्सको अध्यापन समेत छिट्टै सञ्चालनमा ल्याउने रोशनले बताए। यो अस्पताल उपचारसँगै अध्यापन र रिसर्चको पाठशालाको रुपमा विकास हुँदै गएको छ, उनले भने।

अस्पतालका अध्यक्ष चौधरीले गुणस्तरीय उपचार मात्र नगरी लहान आँखा तथा कान उपचार प्रणालीअन्तर्गतका लहान र विराटनगर अस्पतालले वार्षिक तिन करोड रूपैयाँबराबरको निःशुल्क सेवासमेत दिँदै आएको बताए। लहान र विराटनगर आँखा अस्पतालले वार्षिक डेढडेढ करोड रूपैयाँबराबरको च्यारिटीमा उपचार गर्दै आएको उनले जानकारी दिए। अन्धोपन निवारण आफूहरूको मूल मन्त्र भएको उनले बताए। यस्तै, सगरमाथा चौधरी आँखा अस्पताल हङकङमा आयोजित 'एपिएओ अवार्ड २०२६' बाट सम्मानित भएको छ। ४३ वर्षको निरन्तर सेवा र उत्कृष्ट उपचार पद्धतिका लागि अस्पताललाई अन्तर्राष्ट्रिय मञ्चमा प्रशंसा तथा सम्मान गरिएको अस्पतालका प्रमुख प्रशासक रोशनले बताए।

# निर्वाचन लक्षित सुरक्षा व्यवस्थासहित सीमा नाकामा कडाइ

रौतहट, २८ माघ। आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा अवाञ्छित गतिविधि हुनसक्ने सम्भावनालाई दृष्टिगत गरी रौतहटको सीमा नाकामा कडाइ गरिएको छ। स्थानीय बासिन्दाका अनुसार निर्वाचनको मिति नजिकिएसँगै सीमापारीस्थित भारतीय भूमिबाट गैरकानुनी रुपमा रौतहटतर्फ भित्रिनसक्ने हातहतियार, गोली, बारुद, पटका, लागुपदार्थजस्ता अवैध वस्तुको कारोबार न्यूनीकरण तथा नियन्त्रणका लागि जिल्लास्थित प्रहरी संयन्त्र अझ सशक्त र चलायमान भएसँगै चारी, तस्करीमा संलग्न गिरोह निष्क्रिय भएको अवस्था छ।

विशेषगरी आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यका लागि हुने निर्वाचनका क्रममा जिल्लामा शान्ति सुव्यवस्था अमनचयन कामय गरी आफूले रोजेका उम्मेदवारलाई मत दिन पाउने जनताको अधिकार सुनिश्चित गर्ने, गराउने प्रयोजनसहित अन्य सुरक्षा संयन्त्रसँगको समेत सहयोग र सहकार्यसहित प्रहरी संयन्त्र अझ जागरुक र गतिशील हुँदा कर छली अनधिकृत रुपमा भित्रिएका समान बरामद हुनेक्रम पछल्लो समयमा बढेको रौतहट प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिए।

यसैगरी, इलाका प्रहरी कार्यालय सिम्रौनगढका प्रमुख तथा प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साहले निर्वाचनलाई लक्षित गरी सीमानाका क्षेत्रको सुरक्षा व्यवस्था कडाइ गरेसँगै कर छली तथा अवैध कारोबार धन्धा करिब नियन्त्रणमा आएको, चोरबाटो हुँदै गैरकानुनी कारोबारमा संलग्न व्यक्तिको हकमा समानसहित पक्राउ दर वृद्धि भएको, चोरीतस्करीमा संलग्न गिरोह निष्क्रिय हुँदा समाजमा शान्तिसुरक्षाको प्रत्याभूति भएको बताए। यसैबिच इलाका प्रहरी कार्यालय सिम्रौनगढले पछिल्लो तीन महिनामा कैद सजाय तोकिएका चार जना फरार प्रतिवादीलाई पक्राउ गरेको, १८ वटा मुद्दा दायर गरेको, करिब ८० केजी गाँजासहित चार जनालाई पक्राउ गरेको र ४६ हजार थान लागुऔषध हाइड्रोक्लोराइड बरामद गर्न सफल भएको जनाएको छ।

# मिथिला लघुवित्त वित्तीय संस्था

## Mithila Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था मधेश प्रदेश कार्य क्षेत्र भएको)

**केन्द्रीय कार्यालय, ढल्केबर, धनुषा**

## धितोमा रहेको चल अचल सम्पति लिलाम डाक बढाबढद्वारा लिलाम बिक्री गर्ने बारेको दोश्रो पटकको सार्वजनिक सुचना

**पुनःसुचना प्रकाशित मितिः २०८२/१०/२९**

यस बित्तीय संस्थाको शाखा कार्यालय पडरीया सिराहाबाट मिति २०७३।०९।२९ गतेका दिन लिएको लघुउद्यम कर्जाको रु ३,००,०००। (तीन लाख) मात्रको भुक्तानी अबधि समाप्त भएको र यस कार्यालयले अन्तिम पटक मिति २०८१।०७।०१ गतेको राष्ट्रिय दैनिक पत्रिका मार्गानुगामीमा धितो लिलामीका लागी ३५ दिने सुचना समेत प्रकाशित गरेको र सो समयमा तपाईले रु १,००,०००। (आंशिक ब्याज) मात्र बुझाई ६ महिना भित्र कर्जा चुक्ता गर्ने भनी समय माग गर्नु भएकोमा हालसम्म पनि कर्जाको सावा' तथा ब्याज चुक्ता नगरेको र लिखित तथा मौखिक तर ताकेता गर्दा समेत कर्जा चुक्ता नगरेकोले यो सुचना पुनः प्रकाशित गरिएको छ। तसर्थ यो सुचना प्रकाशित भएको मिति ले ३५ दिनभित्र यस बित्तीय संस्थामा आई कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको ब्याज र साँवा समेत चुक्ता गरी धितो सम्पति फुकुवा गराई लिनुहुन सम्बन्धित ऋणी तथा धितो जमानी दिनुहुने महानुभावहरु लाई समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ। यो सुचना बमोजिम ३५ दिन भित्रमा कर्जा चुक्ता नभएमा यस बित्तीय संस्थामा धितोमा रहेको अचल सम्पति यो सुचना दोश्रो पटक प्रकाशित भएको मितिले ३५ दिन पछि अर्थात २०८२।१२।०४ मा मिथिला लघुबित्त बित्तीय संस्था लि. शाखा कार्यालय पडरीयाको कार्यालय परिसरमा लिलाम बिक्री गरिने हुदा' उक्त दिन डाक बढाबढ गरी लिलाम साकार गर्न इच्छुक महानुभावहरुले, सम्बन्धित शाखामा तोकिएको दिन र समयमा उपस्थितिको लागी यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

डाक बढाबढमा बोलिएको मुल्यमा धितो सम्पतिको हक हस्तातरण हुन सक्ने हुदा' धितो रहेको अचल सम्पति लिलाम बिक्री गर्दा वा बित्तीय संस्था आफैले सकार गर्दा समेत साबिक मुल्य दर भन्दा कम मुल्यमा बिक्री भयो वा बित्तीय संस्था आफैले सकार गरि लियो भनी कहिकतै उजुर लाग्न नसने ब्यहोरा समेत सम्बन्धित ऋणी तथा जमानत दिनेलाई यसै सूचनाबाट जानकारीको लागी अनुरोध गर्दछौ।

**तपशील**

**कर्जा लगानी गर्ने कार्यालय :–** शाखा कार्यालय पडरिया, सिराहा।

**धितो लिलाम हुने स्थान :–** शाखा कार्यालय पडरिया, लहान, सिराहा।

**धितो लिलाम हुने मिति :–** मिति २०८२ चैत्र ०५ गते बिहिवार दिनको १:०० बजे

**ग्राहकको बिवरण :-**

१. ग्रहकको नाम :– रेणु मण्डल,
ना.प्र.प. नं १५३००५/९० , जारी मिति २०६३/१२/२८ गते, जारी गर्ने कार्यालय जि.प्र.का. सिरहा।
ग्राहकको ठेगाना :- जिल्ला सिराहा, लहान नगरपालिका वडा न. १०। पिताको नाम :- सुखी मण्डल
पतिको नाम :–दयानाथ मण्डल ससुराको नाम :- सुकदेव मण्डल

**लिलाम हुने अचल सम्पतिको बिवरण**

| जग्गाधनीका नाम | सदस्यसंगको नाता | जिल्ला | गा.वि.स./न.पा. | वडा नं. साविक | वडा नं. हाल | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| रेणु मण्डल | आफै | सिराहा | लहान गोठ | ०६ | १० | ३८३ | ०–२–१२.५० | |

**लिलमाका शर्तहरु**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढि रकम कबोल गर्ने ब्यक्तिले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकमको नगदै धरौटी वापत तुरन्त बित्तीय संस्थामा बुझाउनु पर्नेछ।
२. डाक बढाबढ गर्दा सबैभन्दा बढि रकम कबोल गर्ने ब्यक्तिलाई अचल सम्पति दिने वा नलिने सम्पुण अधिकार बित्तीय संस्थामा सुरक्षित रहने छ।
३. लिलाम सकार गर्ने ब्यक्तिले बित्तीय संस्थाबाट लिलाम सकार गरेको १५ दिन भित्र बाकी रकम बुझाई सकार धितो जग्गा नामसारी पास गराई लिनु पर्नेछ। यदि १५ दिन भित्र बाकी रकम यस बित्तीय संस्थामा जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको १० प्रतिशत रकम स्वत : जफत हुनेछ।
४. तोकिएको लिलामको दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै पछि कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ।
५. लिलाम प्रक्रिया उक्त दिन सम्पन्न हुन नसकेमा सोको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामको कार्य हुनेछ।
६. लिलाम बिक्री हुने अचल सम्पति सम्बन्धित कागजात तथा अन्य आवयक कुराहरु बुझ्न चाहनु हुने महानुभावहरुले सम्बन्धित बित्तीय संस्था शाखा कार्यालय पडरीयामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
७. लिलामको डाक बढाबढ हुनु अगाबै ग्राहकले नियम बमोजिम बित्तीय संस्थालाई भुक्तानी गर्नुपर्ने रकम बुझाएमा वा अदालतबाट वा अधिकार प्राप्त निकायबाट लिलाम रोक्का गर्ने आदेश प्राप्त भएमा लिलामी कार्यवाही रोक्न सकिनेछ।
८. धितो लिलाम डाक बढाबढमा कम्तीमा ३ जना ब्यक्ति वा संस्थाले भाग लिएको हुनु पर्नेछ।
९ लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाकी कर, राजस्व, मालपोत रजिष्ट्रेशन,दस्तुर लगायत सम्पूर्ण राजस्व, कर दस्तुर एवम अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ।

**मिथिला मिथिला लघुबित्त बित्तीय संस्था लि.**
**केन्द्रीय कार्यालय ढल्केवर धनुषा।**
**असुली बिभाग।**

# जिताएर पठाएका जनप्रतिनिधिले जनपक्षीय काम नगरेको महोत्तरी–३ का मतदाताको गुनासो



**नवीन प्रियदर्शी**

जनकपुरधाम, २८ माघ। प्रतिनिधि सभा निर्वाचनको मिति नजिकिँदै गर्दा महोत्तरी–३ का मतदातामा खासै उत्साह देखिएको छैन। विगतका निर्वाचनमा आफूले जिताएर पठाएका जनप्रतिनिधिले जनभावना अनुसारका काम गर्न नसकेका कारण आसन्न निर्वाचनप्रति खासै उत्साह नभएको मतदाता बताउँछन्। महोत्तरी–३ अन्तर्गतकै पिपरा गाउँपालिका–७ का चन्द्रदेव कापरको बुझाइमा निर्वाचन भनेकै नेताहरूले जनतालाई भुक्याउने एउटा राजनीतिक पर्वमात्र हो। 'विकास निर्माणका काम गरिदिन्छौँ, जनताको जीवनस्तरमा सुधार ल्याउँछौँ भनेर निर्वाचनमा नेताहरू भोट माग्न आउँछन्,' उनले भने, 'नेताहरूले भनेको कुरा पत्याएर जनताले भोट दिन्छन् तर चुनाव जितेर गएपछि कुनै काम हुँदैन। काठमाडौँमा बसेर उनीहरू सत्ताको भागबन्डा गर्छन्। जनताले भोगेका समस्यालाई बेवास्ता गर्छन्।'

कापरले किसानहरू विभिन्न समस्या झेल्न बाध्य रहेको गुनासो गरे। 'न सिँचाइको राम्रो प्रबन्ध छ, न न मलखादको। डीप बोरिङ गाड्छन् तर पानी आउँदैन। त्यसको मर्मत सम्भार पनि भएको छैन,' उनले भने। संविधान सभाबाट नयाँ संविधान जारी भएपछि सम्पन्न दुई वटा संसदीय निर्वाचनमा यस क्षेत्रबाट महन्थ ठाकुर निर्वाचित भएका थिए। आसन्न निर्वाचनमा उनले आफ्नी छोरी मिनाक्षी ठाकुरलाई जसपा नेपालका तर्फबाट यस क्षेत्रबाट उम्मेदवारका रूपमा अघि सारेका छन् भने आफू केहीअघि राष्ट्रिय सभा निर्वाचनमा निर्वाचित भएका छन्।

दुई वटा निर्वाचनमा मतदाताले जिताएर पठाए पनि ठाकुरले जनताका समस्या समाधान गर्ने दिशामा कुनै भूमिका निर्वाह गर्न नसकेको कापरको आरोप छ। 'उहाँको ध्यान परिवारवादमै छ,' उनले भने, 'आफू राष्ट्रिय सभामा जानुभयो, छोरीलाई यहाँ उम्मेदवार बनाउनुभएको छ। जनताको समस्या बुझ्ने फुर्सद नै उहाँमा भएन।' पिपरा गाउँपालिका–६ का ७० वर्षीय सत्यनारायण यादव पनि महोत्तरी–३ मा विकास निर्माणको अवस्था दयनीय रहेको बताउँछन्। 'नेताहरूले चुनावको मुखमा बाचा त धेरै गरे तर त्यसअनुसार विकास गर्न सकेनन्। जनतालाई मुर्ख बनाउने काममात्रै भयो,' उनले भने।

कृषि पेसामा निर्भर आफूजस्ता हजारौँ किसान विभिन्न समस्या झेल्न बाध्य रहेको यादवले बताए। उनले भने, 'यसपटक बेमौसमी वर्षाका कारण धान बाली राम्रो हुन सकेन। पिउने पानीसम्मको हाहाकार भयो, तर हाम्रा नेता फर्केर आएनन्। चुनावको बेलामा ठुलठुला आश्वासन दिएर फकाउन आउँछन् तर जितेर गइसकेपछि काम गर्दैनन्।' महोत्तरी–३ अन्तर्गत जलेश्वर नगरपालिकासमेत पर्दछ। जलेश्वर नगरपालिका वर्षामा डुबान हुने गर्दछ। डुबानबाट जोगाउन तटबन्ध र पानी निकासको ठोस योजना नभएको स्थानीयवासी बताउँछन्। यी समस्या समाधानका लागि पटक-पटक नेताहरूले आश्वासन दिए पनि पूरा गर्न नसकेको मतदाताको गुनासो छ।

जलेश्वर–६ निवासी रन्जित मण्डलले भने, 'हामीलाई कृषि, शिक्षा, स्वास्थ्य क्षेत्रमा धेरै असुविधा छ। नेपालको सबैभन्दा पुरानो अस्पतालमध्येको एउटा मानिने जलेश्वर प्रादेशिक अस्पतालको दुरावस्था छ। जनतालाई आधारभूत सेवा उपलब्ध गराउन कसैले अहिलेसम्म ध्यान दिएनन्।' जलेश्वरबाट मटिहानी जाने बाटोमा भेटिएका कामेश्वर मलिकसँग पनि प्रशस्त गुनासो छ। बाँसको कलात्मक सामग्री बनाएर बिक्री गर्दै गुजारा चलाउने उनले निर्वाचनबारे कुनै चासो नभएको बताए। 'मेहनत गरेर गुजारा चलाउने हामीजस्ता मानिसका लागि कुन नेताले के गरिदिने हो र ?' उनले भने, 'महँगी छ। दिनभरि काम गरेर कमाएको पैसाले दुई छाक टार्न मुस्किल हुन्छ। छोराछोरी पढाउने, बिरामी हुँदा उपचार गर्ने, चाडपर्व धान्ने पैसा हुँदैन। दशकौँदेखि हामी यस्तै अवस्थामा छौँ।'

भोट दिएर जीवनस्तरमा कुनै सुधार आउँछ भन्ने भरोसा नै हराएको मलिकको भनाइ छ। 'नयाँले अब केही गर्छन् भनेर गाउँमा चर्चा भएको सुन्दैछु,' उनले भने, 'हेरौँ, भोट हाल्ने दिनसम्म के हुन्छ !' महोत्तरी–३ मा नेपाली कांग्रेसले बजरंग नेपालीलाई उम्मेदवार बनाएको छ। नेकपा एमालेले मनोज सिंह, जसपा नेपालले मिनाक्षी ठाकुर, राष्ट्रिय स्वतन्त्र पार्टीले उज्ज्वल झा र नेपाली कम्युनिस्ट पार्टीले राजकिशोर साहलाई उम्मेदवार बनाएको छ। यहाँ विभिन्न दल र स्वतन्त्र गरी ४१ जना उम्मेदवार छन्।

# मिथिला माध्यमिकी परिक्रमाको तयारी सुरु

**विजयकुमार साह**

ढल्केबर, २८ माघ। मिथिला तथा तराई–मधेसको महाकुम्भ मानिने मिथिला माध्यमिकी परिक्रमाको तयारी थालिएको छ। प्रत्येक वर्ष फागुन शुक्लपक्ष प्रतिपदाका दिन धनुषाको मिथिला बिहारी नगरपालिका–८, कचुरीस्थित मिथिला बिहारी मन्दिरबाट सुरु हुने १५ दिने पदयात्राको तयारी सुरु गरिएको हो। यस वर्ष फागुन ४ गतेदेखि सुरु भई २० गतेसम्म सञ्चालन हुने परिक्रमामा नेपाल र भारतका लाखौँ भक्तजनको सहभागिता रहने अपेक्षा गरिएको छ। नेपालका ११ र भारतका चार गरी १५ पडाव स्थल पार गर्दै तीर्थयात्रीले नाङ्गो खुट्टा करिब १३३ किलोमिटर दूरी तय गर्ने परम्परा रहेको छ।

मिथिला बिहारी मन्दिरका महन्थ नरेश दासले आगामी सोमबार बिहान कचुरीबाट झाँकीकीर्तनसहितको डोला जनकपुरधामको हनुमानगढी पुग्ने जानकारी दिनुभयो। सोही ठाउँमा जानकी मन्दिर, राम मन्दिरलगायत अन्य मठमन्दिरबाट आएका भगवानका डोला तथा भक्तजन एकत्रित भएर कल्याणेश्वरका लागि प्रस्थान गर्ने कार्यक्रम छ। उहाँका अनुसार पहिलो दिन डोला कल्याणेश्वर पुग्नेछ। त्यसपछिका दिनमा मटिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनवन, क्षीरेश्वरनाथ (पर्वता), धनुषाधाम, सतोषर, औरही हुँदै पुनः कल्याणेश्वर पुगिनेछ। फागुन पूर्णिमाका दिन जनकपुरधाम फर्केर अन्तरगृह परिक्रमा गरी १५ दिने यात्रा समापन हुनेछ।

यसैबीच जिल्ला प्रशासन कार्यालय धनुषाको आयोजनामा परिक्रमाको तयारीबारे बसेको बैठकले विभिन्न निर्णय गरेको छ। बैठकले परिक्रमालाई विगत वर्षझैँ व्यवस्थित, सुरक्षित र अनुशासित ढङ्गले सञ्चालन गर्ने निर्णय गरेको सहभागीले बताएका छन्। बैठकले निर्वाचन आचारसंहितालाई असर नपर्ने गरी परिक्रमा सफल बनाउन आवश्यक समन्वय गर्ने निर्णय गरेको छ। नेपाल–भारत सीमा नाका बन्द रहेको अवस्थामा भारतीय तीर्थयात्रीको आवतजावतलाई सहज बनाउन सुरक्षा निकायबीच समन्वय गर्ने सुझाव दिइएको थियो।

जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको पर्व भएकाले सीमा आवागमनमा सहजीकरण गर्न र पडाव स्थलमा खानेपानी, शौचालय, सडक मर्मत तथा बिजुलीको व्यवस्था गर्न आग्रह गर्नुभयो। लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा. रवीन्द्र दास वैष्णवले परम्परादेखि चल्दै आएको परिक्रमाको गरिमा जोगाइराख्न सबै पक्ष सचेत हुनुपर्ने बताउनुभयो। बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साहले तीर्थयात्रीका लागि खानेपानी, शौचालय तथा निःशुल्क स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिइने जानकारी दिनुभयो।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलले परिक्रमा अवधिमा सुरक्षा व्यवस्था चुस्त बनाइने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# पारदर्शी शासनले मात्र मधेस उर्वर बन्छ : प्रदेश प्रमुख कर्ण

**लक्ष्मी चौधरी**

जनकपुरधाम, २८ माघ। मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले पारदर्शी शासनले मात्र मधेस उर्वर बन्ने बताउनुभएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३५ औँ स्थापना दिवसका अवसरमा आयोगको कार्यालयमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै यस्तो बताउनुभएको हो। बुधबार जनकपुरधामस्थित महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्रमा आयोजित कार्यक्रममा मधेस प्रदेशका प्रदेश प्रमुख कर्णले शासन व्यवस्था पारदर्शी भए मात्र मधेसको भूमि उर्वर बन्न सक्ने बताउनुभएको हो। उहाँले भ्रष्टाचार नियन्त्रण र सेवा प्रवाहमा सुधारका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै विकास र समृद्धिका लागि जिम्मेवार प्रशासन आवश्यक रहेको धारणा राख्नुभयो। मधेस प्रदेश सभाका सभामुख रामआशिष यादवले सुशासन कायम नभएसम्म गणतन्त्रको वास्तविक अनुभूति हुन नसक्ने बताउनुभयो। कार्यक्रममा प्रदेशका मुख्यसचिव कमलप्रसाद भट्टराई, जिल्ला समन्वय समितिका प्रमुख राजनन्दन मण्डल, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल, अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबास कार्यालयका प्रमुख रामबहादुर कुरुवाङ तथा उपसचिव प्रकाश पोखरेललगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो।

सोही अवसरमा प्रदेश प्रमुख डा. कर्णले उत्कृष्ट कार्यसम्पादनका लागि आयोगको बर्दिबास कार्यालयमा कार्यरत शाखा अधिकृत अरुणकुमार बराल, प्रहरी निरीक्षक सञ्जीव सुवाल र नायब सुब्बा सुरेशकुमार बराललाई 'अख्तियार सेवा पुरस्कार' प्रदान गर्नुभयो। आयोगले सार्वजनिक गरेको विवरणअनुसार चालु आर्थिक वर्षको पुस मसान्तसम्म आयोगको बर्दिबास कार्यालयमा दर्ता भएका दुई हजार ५२५ उजुरीमध्ये ८१२ उजुरी फर्स्योट भएका छन् भने एक हजार ७१३ उजुरी फर्स्योट हुन बाँकी छन्।

# मुलुकलाई राजनीतिक निकास दिन संविधान पुनःलेखन आवश्यक : उपेन्द्र यादव

**विनय कर्ण**

सप्तरी, २८ माघ। जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुकलाई राजनीतिक निकास दिन संविधान संशोधन वा पुनःलेखन आवश्यक रहेको बताउनुभएको छ। संघीय लोकतान्त्रिक गणतन्त्र लाई संस्थागत नगरे सम्म देशले राजनीतिक निकास नपाउने हुँदा त्यसको लागि संविधान संशोधन वा पुनःलेखन आवश्यक रहेको बताउनुभएको हो। राजविराजमा बुधबार प्रेस मञ्च नेपाल सप्तरीले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्नुहुँदै उहाँ संविधानकै कारण देशमा मुलुकमा राजनैतिक समस्या उत्पन्न भएको भन्दै उहाँले संघीयता र समावेशितालाई बलियो बनाउँदै असमानतालाई हटाए मात्र लोकतन्त्र बलियो हुने धारणा राख्नुभयो।

लोकतन्त्रमा निर्वाचन अपरिहार्य रहेको बताउँदै उहाँले राजनीतिक द्वन्द्वलाई हल गरेर देश निर्वाचनमा




गएको भए आउने दिनमा राम्रो हुन सकिने विश्वास व्यक्त गर्नुभयो। "अहिले संविधान लिकमा छैन्, देशलाई सही बाटोमा ल्याउन संविधान पुनर्लेखन आवश्यक छ," उहाँले भन्नुभयो। संविधानमा गरिएको समावेशिताको व्यवस्था पछाडी पारिएका तथा सिमान्तकृतहरुलाई उकासनका लागि रहेको भएपनि शासकवर्गले नै त्यसबाट बढी फाइदा लिई रहेको उहाँले जिकिर गर्नुभयो।

मधेशमा ६० प्रतिशत जनसंख्या रहेको तर त्यस अनुपातमा निर्वाचन क्षेत्र नरहेको उल्लेख गर्दै यसका लागि पनि संविधान संशोधन र पुनर्लेखन गरी निर्वाचन क्षेत्रको पुनर्संरचना गर्नु आवश्यक छ" अध्यक्ष यादवले उल्लेख गर्नुभयो। सप्तरीको निर्वाचन क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिनुभएका उहाँले जनताको घरदैलोमा जाँदा शिक्षा स्वास्थ्य र कानुनी सहायताको मामिलामा दरिद्रता देखिएको सुनाउनुभयो। "सरकारी स्कूलमा राम्रो पढाई नहुँदा जग्गा बेचेर पढाउने बाध्यता, स्वास्थ्य सेवा सहज नभएको र स-साना कुरामा पनि मुद्दा लड्नु परेको छ," अध्यक्ष यादवले भन्नुभयो, "शिक्षा, स्वास्थ्य र कानुनी सहायताको मामिलामा यो राजनीतिक दरिद्र हुनुपर्ने अवस्था हो।" यस्तै, उहाँले शिक्षा स्वास्थ्य र न्यायको सवालमा राज्यले दायित्व निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो। प्रेस मञ्च नेपाल सप्तरीका अध्यक्ष धर्मपाल राउतको अध्यक्षतामा आयोजित पत्रकार सम्मेलनमा संचारकर्मीहरुकासँगै पार्टीका नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)